आज मिति २०८२ साल असोज ७ गते मंगलबारका दिन विहान ८:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कणदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी वोहरा | कार्यपालिका सदस्य | रत्न |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | तुलसी |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

आमन्त्रित

श्री तिलक रावल — प्रशासन शाखा प्रमुख

श्री शिवराज गोसाई

श्री सन्तोष सापकोटा

| | |
|---|---|
| मोहन ओली | आन्तरिक लेखा परीक्षक |
| बसन्ता ओली | महिला विकास निरीक्षक |
| मिना पुन | पशु चिकित्सक |
| श्री गणेश प्रसाद आचार्य | वरिष्ठ शिक्षा अधिकृत |
| रेखा रेउले | MIS अपरेटर |
| सुसन गौतम | कृषि विकास अधिकृत |
| शेर बहादुर नेपाली | शिक्षा शाखा |
| रमेश बुढाथोकी | कृषि अधिकृत |
| विजना रिजाल | प.स्वा.प्रा |
| लक्ष्मी चन्द | कृषि अधिकृत |

मिति २०८२/०६/७ गतेको कार्यपालिकाको १६६ औं बैठकमा पेस भएका प्रस्तावहरु

| क.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | सडक मर्मत सम्बन्धमा । | वर्षादका कारणले बिग्रिएका विभिन्न सडकहरु मर्मत गर्ने सम्वन्धमा । | |
| २ | बजार अनुगमन सम्बन्धमा । | आउदै गरेको दशै तिहार जस्ता चाडपर्वमा हुन सक्ने खाद्य पदार्थको मिसिवाट, डेट एक्सपाएर लगायत विविध पक्षलाई ध्यान दिई खाद्य सुरक्षा कायम गर्न बजार अनुगमन गर्ने सम्वन्धमा । | |
| ३ | प्लाष्टिकजन्य फूल माला प्रतिवन्ध लगाउने सम्बन्धमा । | दशै तिहारमा आयात हुने प्लाष्टिकजन्य फुल मालाबाट वातारण प्रदुषण हुने साथै आयातवाट लाखौ रकम बाहिरिने विषयलाई मध्यनजर गरी त्रिवेणी गाउँपालिका क्षेत्रमा प्लाष्टिक जन्य फुलमाला प्रतिवन्ध लगाउने सम्बन्धमा छलफल गर्ने । | |
| ४ | शुभकामना आदान प्रदान सम्बन्धमा । | शुभकामना आदान प्रदान गर्ने सम्वन्धमा । | |

## निर्णयहरु

**निर्णय नं. १, प्रस्ताव नं. १ माथी छलफल गर्दा,** वर्षादका कारणले बिग्रिएका विभिन्न सडकहरु मर्मत गर्ने क्रममा पालिकाको जे सि बि बाट वडा नं. ४, ५ र ६ सम्पन्न गर्ने र वडा न १,२ र ३ को सडक मर्मत दशै भित्रमा सम्पन्न गर्नको लागि सोझै खरिद विधिबाट यथासिघ्र कार्य सम्पन्न गराउनको लागि कार्यलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २, प्रस्ताव नं. २ माथी छलफल गर्दा,** आउदै गरेको दशै तिहार जस्ता चाडपर्वमा हुन सक्ने खाद्य पदार्थको मिसावाट, डेट एक्सपाएर लगायत विविध पक्षलाई ध्यान दिई खाद्य सुरक्षा कायम गर्न बजार अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३, प्रस्ताव नं. ३ माथी छलफल गर्दा,** दशै तिहारमा आयात हुने प्लाष्टिकजन्य फुल मालाबाट वातारण प्रदुषण हुने साथै आयातबाट लाखौ रकम बाहिरिने विषयलाई मध्यनजर गरी त्रिवेणी गाउँपालिका क्षेत्रमा प्लाष्टिक जन्य फुलमाला प्रतिवन्ध लगाउने साथै कालो प्लाष्टिक ४० माइक्रोन भन्दा बढीको हुने भएको हुँदा उक्त प्लाष्टिक प्रयोग नगर्न सचेत गराउने निर्णय गरियो ।

**निर्णय नं. ४, प्रस्ताव नं. ४ माथी छलफल गर्दा,** आउदै गरेको नेपालीहरुको महान चाड दशै तिहारलाई मध्यनजर गर्दै जनप्रतिनिधिहरु तथा कर्मचारीहरुविचमा शुभकामना आदान प्रदान गरियो ।

CS CamScanner

आज मिति २०८२ साल असोज २६ गते आइतबारका दिन विहान ८:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | रत्न |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | तुलसी |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

**आमन्त्रित**

श्री तिलक रावल

श्री शिवराज गोसाई

श्री सन्तोष सापकोटा

श्री सुशान्त गौतम

प्रशासन शाखा प्रमुख

## मिति २०८२/०६/२६ गतेको कार्यपालिकाको १६७ औं बैठकमा पेस भएका प्रस्तावहरु

| क.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | नदिजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवाको ठेक्का आहान सम्बन्धमा । | नदिजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवाको ठेक्का आहानका सम्बन्धमा तपसिल बमोजिम छलफल गर्ने सम्बन्धमा ।<br>१.IEE प्रतिवेदनमा उल्लेख भएको EX1 घाट राम बजार भन्ने स्थानमा हाल मोटरेवल पुल निर्माण भएको र उक्तको घाटको स्थलगत अनुगमन गर्दा घाटको क्षेत्र सडक पुल देखि माथी तिर ५०० मिटरको क्षेत्र भित्र रहेको हुँदा ढुंगा गिट्टी, बालुवा उत्खन्न विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम उत्खन्न गर्न नपाइने भएको उक्त घाटको टेक्का आहान नगर्ने सम्बन्धमा छलफल गर्ने ।<br>२.IEE प्रतिवेदनमा उल्लेख भएको EX5 घाट गौरे ज्युला अन्तर्गतको घाटमा शारदा नदिले धार परिवर्तन गर्दा खोला पारीको क्षेत्र छत्रेश्वरी गाउँपालिकामा पर्ने भएको तर पनि जग्गाको कर तिर्ने लगायतका कार्य त्रिवेणी गाउँपालिकामा गरिरहेको जग्गा धनीले अनुगमनका क्रममा जानकारी गराएको साथै उक्त घाट व्यक्तीको जग्गा भई नदिले धार परिर्तन गर्दा लाखौंको खतीयोग्य जमिन गेग्रानमा परिणत गरेको हुँदा उक्त घाट नाममा रहेका जग्गा धनीहरुले घाटलाई खेत बनाउने भनि निवेदन पेश गरेको साथै IEE प्रतिवेदनमा उल्लेख गर्दा जग्गा धनिको सहमतिको मात्र उत्खन्न गर्ने भनी लेखिएको तर जग्गा धनीले उत्खन्न नगरिदिन पालिकालाई पत्राचार गरेको हुँदा उक्त घाटको ठेक्का आहान नगर्ने सम्बन्धमा छलफल गर्ने । | |
| २ | विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको विपद व्यवस्थापन समितिको मिति २०८२/०६/२६ गतेको निर्णय अनुमोदन गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ३ | कृषि सेवा शाखाको कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा । | कृषि सेवा शाखाको कार्यक्रम सञ्चालन कार्यविधि स्वीकृति गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ४ | विविध सम्बन्धमा | आर्थिक सहायता सम्बन्धमा ।<br>वडा नं. ३ को सडक मर्मत सम्बन्धमा । | |

खुम बहादुर के.सी.

प्रमाणित गरिएको

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

निर्णयहरु

**निर्णय नं. १, प्रस्ताव नं. १ माथी छलफल गर्दा, नदिजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवाको ठेक्का आहानका सम्बन्धमा तपसिल बमोजिम निर्णय गरियो ।**

१.IEE प्रतिवेदनमा उल्लेख भएको EX1 घाट राम बजार भन्ने स्थानमा हाल मोटरेबल पुल निर्माण भएको र उक्त घाटको स्थलगत अनुगमन गर्दा घाटको क्षेत्र सडक पुल देखि माथी तिर ५०० मिटरको क्षेत्र भित्र रहेको हुँदा ढुंगा गिट्टी, बालुवा उत्खन्न विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम उत्खन्न गर्न नपाइने भएकोले उक्त घाटको टेक्का आहान नगर्ने निर्णय गरियो ।
२.IEE प्रतिवेदनमा उल्लेख भएको EX5 घाट गौरे ज्युला अन्तर्गतको घाटमा शारदा नदिले धार परिवर्तन गर्दा खोला पारीको क्षेत्र छत्रेश्वरी गाउँपालिकामा पर्ने भएको तर पनि जग्गाको कर तिर्ने लगायतका कार्य त्रिवेणी गाउँपालिकामा गरिरहेको जग्गा धनीले अनुगमनका क्रममा जानकारी गराएको साथै उक्त घाट व्यक्तीको जग्गा भई नदिले धार परिर्तन गर्दा लाखौंको खतीयोग्य जमिन गेग्रानमा परिणत गरेको हुँदा उक्त घाट नाममा रहेका जग्गा धनीहरुले घाटलाई खेत बनाउने भनि निवेदन पेश गरेको साथै IEE प्रतिवेदनमा उल्लेख गर्दा जग्गा धनिको सहमतिको मात्र उत्खन्न गर्ने भनी लेखिएको तर जग्गा धनीले उत्खन्न नगरिदिन पालिकालाई पत्राचार गरेको हुँदा उक्त घाटको ठेक्का आह्वान नगर्ने निर्णय गरियो ।

**निर्णय नं. २, प्रस्ताव नं. २ माथी छलफल गर्दा,** त्रिवेणी गाउँपालिकाको मिति २०८२/०६/२६ गतेको स्थानीय विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गरी सो स्थानमा रहेको नदिजन्य पदार्थ उत्खन्न गर्नको लागि ढुंगा गिट्टी तथा बालवा उत्खन्न सम्बन्धी मापदण्ड २०७७ बमोजिम क्षेत्र निर्धारण गरिदिनको जिल्ला विपद व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने निर्णय गरियो ।
**निर्णय नं. ३, प्रस्ताव नं. ३ माथी छलफल गर्दा,** कृषि सेवा शाखाको कार्यक्रम सञ्चालन कार्यविधि २०८२ स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४, प्रस्ताव नं. ४ माथी विविध विषयमा छलफल गर्दा, तपसिल बमोजिमको निर्णय गरियो ।**

क)त्रिवेणी गाउँपालिका वडा नं. ६ मा ABC लुहाम कल्बले फुटसल प्रतियोगिता आयोजना गर्न लागेको र सो का लागि आर्थिक सहायता माग गरेको हुँदा माग वमोजिम रु. ५०००। आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

ख)त्रिवेणी गाउँपालिका वडा नं. ३ अन्तर्गतको सडक मर्मतको कार्य गराउदा यस वडाको भौगोलिक अवस्था अन्य वडाको भन्दा जटिल भएको साथै स्वास्थ्य संम्वेदनशिलतालाई ध्यान दिई बाढी पहिरो तथा सडकमा आउने भेलका कारण बाटो अवरुद्ध भएमा साथै खोलाले सडक बन्द गराएमा तत्काल मर्मतको कार्य गर्न एउटै मेसिनबाट सम्भव नहुने भएको हुँदा खरिद ऐनको प्रतिकुल भएता पनि नागरिकको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी सडक मर्मतको कार्य गर्नको लागि एक भन्दा बढी जे सि वि लगाई सडक मर्मत कार्य अगाडी बढाउन सोझै खरिदको कार्य मार्फत दरभाउ माग गरी निर्माण कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

खुम बहादुर के.सी.
प्रमाणित गरिएको
२०८२/०६/२९

CamScanner